SONAPUR
MINERALS AND OIL LTD.

# सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
# SONAPUR MINERALS AND OIL LIMITED

**रजिष्टर्ड कार्यालय : वडा नं. ०९, काठमाडौं, नेपाल**
**फोन नं.: +९७७-०१-४४७८०२८**
Email: admin@sonacement.com Website: www.sonacement.com

**को**

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

कम्पनीले आफ्नो जारी पूँजी रु. ३,०७,५०,५०,०००/- को ४० प्रतिशत अर्थात रु.१,२३,००,२०,०००/- (अक्षरेपी एक अर्ब तेईस करोड बीस हजार रुपैयाँ मात्र) रकम बराबरको प्राथमिक सार्वजनिक निष्काशन गरिने कूल १,२३,००,२०० कित्ता साधारण शेयरहरुमध्ये उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि छुट्याईएको १५,३७,५२५ कित्ता मध्ये जम्मा १,३४,५२० कित्ता शेयर बाँडफाँड गरी बाँकी रहेको १४,०३,००५ कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिने शेयर कित्तामा थप गरी सोही अनुपातमा सार्वजनिक निष्काशनको १० प्रतिशत अर्थात १२,१६,५६८ कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई र सामूहिक लगानी कोषहरुलाई ५ प्रतिशत अर्थात ६,०८,२८४ कित्ता बाँडफाँड गरे पश्चात् कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि प्रिमियम सहित प्रति शेयर जम्मा मूल्य रु.२२५/- दरमा ६,०८,२८४ कित्ता शेयर सुरक्षित गरी बाँकी रहेको ९७,३२,५४४ कित्ता प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१३७/५८ थप गरि प्रति शेयर जम्मा मूल्य रु.२३७/५८ दरमा सर्वसाधारणहरुका लागि मिति २०८० असोज १४ गते देखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारणबाट माग गरे भन्दा बढी शेयरका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८० असोज १८ गते (बैकिङ्ग समय पश्चात्)** उक्त शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० असोज १८ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गदछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

| दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या : | १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : | १५,००,००० कित्ता |
|---|---|---|---|

**दरखास्तसाथ प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१३७/५८ थप गरि प्रति शेयर रु.२३७/५८ शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

**नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | २०८० आषाढ मसान्त | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११९.४० | १३५.५४ | १४२.०१ | १४९.८१ | २०१.६५ | २१५.९७ | २२९.५२ |
| प्रति शेयर आम्दानी (रु.) | १०.३५ | १६.१४ | ६.४७ | ७.८ | १७.५८ | २२.३१ | २३.५५ |
| नेटवर्थमा प्रतिफल (%) | ८.६७ | ११.९१ | ४.५६ | ५.२१ | ८.७२ | १०.३३ | १०.२६ |
| रिजर्भ एण्ड सर्प्लस (रु. हजारमा) | ३५८,०१८ | ६५५,७७५ | ७७५,१२४ | ९१९,०८९ | ३,१२५,९१६ | ३,५६५,९८९ | ३,९८२,७०३ |

**कम्पनीले प्राप्त गरेको उत्खनन् अनुमतिको बाँकी अवधि :**

- अनुमतिपत्र नं. ८०/०६६/६७ को बहाल रहने अवधि मिति २०६६/०९/०९ देखि २०८६/०९/०८ सम्म रहेकोले ६ वर्ष बाँकि रहेको छ ।
- अनुमति पत्र नं. २१३/०७१/७२ को बहाल रहने अवधि मिति २०७२/०२/२९ देखि २०९२/०२/२८ सम्म रहेकोले १२ वर्ष बाँकि रहेको छ ।
- अनुमति पत्र नं. ११४/०६७/६८ को बहाल रहने अवधि मिति २०६७/०९/२७ देखि २०९७/०९/२६ सम्म रहेकोले १७ वर्ष बाँकि रहेको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरणः

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौंथो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूयर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०७९/०८/१५ मा क्रेडिट रेटिङ्ग गराई **"IRN BBB-(Is) [Tripple B Minus (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ । **जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate degree of safety regarding timely servicing of financial obligations) मानिन्छ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ ।** जसमा "IRN AAA (Is)" ले बलियो आधार जनाउँछ भने "IRN D (Is)" ले कमजोर आधार जनाउँदछ । उक्त विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२ (ट) मा समेत उल्लेख गरिएको छ ।

**रेटिङ्ग प्राप्त गरेको मिति : २०७९/०८/१५ (सन् २०२२, डिसेम्बर ०१)** **बहाल रहने मिति : २०८०/०८/१४ (सन् २०२३, नोभेम्बर ३०)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८० असोज ५ गतेको **"नागरिक"** राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.sonacement.com र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nimbacecapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIMB ACE
CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०, फ्याक्स : +९७७-१-४००५०८४
Email : info@nimbacecapital.com, Website : www.nimbacecapital.com